नगर उपप्रमुख ज्यू

नगर कार्यपालिका सदस्य ज्यूहरु

सम्पूर्ण नगर सभा सदस्य ज्यूहहरु,

नगर सभामा उपस्थित सम्पूर्ण अतिथि एवं आमन्त्रित महानुभावहरु ।

१. स्वतन्त्रता र स्वायत्तताको लागि भएको जनक्रान्ति, सशस्त्र संघर्ष र विभिन्न समयको जनआन्दोलनमा सहादत प्राप्त गर्ने सहिदहरुप्रति प्रथमतः भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । लोकतान्त्रिक उपलब्धिलाई संस्थागत गर्न जारी भएको नेपालको संविधान २०७२ ले परिकल्पना गरेको तीन तहको सरकार अन्तर्गत जनताको प्रत्यक्ष सहभागिता रहने स्थानीय सरकारको रुपमा नीलकण्ठ नगरपालिकाको नेतृत्व गर्ने अवसर प्रदान गरी  हामीलाई विजयी गराउनुहुने सबै नगरबासीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु । राजनैतिक ब्यवस्था परिवर्तन र स्वतन्त्रताको लागि पुस्तौँसम्म सङ्घर्ष गर्दा देखिएको पछौटेपनको अन्त गर्दै पूर्ण लोकतान्त्रिक पद्धतिका साथ स्थानीय सरकारको माध्यमबाट नगरको विकास गर्ने ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्ने दायित्व नीलकण्ठ नगरपालिकाका जनप्रतिनिधिहरुको काँधमा आएको छ । उपलब्ध विविध साधन श्रोत, संघ संस्था  तथा प्रदेश सरकारले उपलब्ध गराएको अनुदान, नगरपालिकाको आफ्नै आन्तरिक आयश्रोत, कर्मचारी प्रशासन र सम्पूर्ण नगरबासीहरुको न्यानो साथ एवं विभिन्न दातृ संघ संस्था तथा निकायसँगको सहकार्यको साथमा मतदाताहरुले सुम्पिएको यो ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु । आगामी ५ बर्ष भित्र देशकै नमुना नगरपालिकाको रुपमा नीलकण्ठ नगरपालिकाको विकासको गतिलाई अघि बढाउने प्रण गर्दछु ।  ।

**नगरसभा सदस्यज्यूहरु ,**

२. अब म नीलकण्ठ नगरपालिकाले आगामी आर्थिक बर्ष २०७४।०७५ को लागि नीति तथा कार्यक्रम तपाईहरु समक्ष पेश गर्न चाहान्छु । यो नीति तथा कार्यक्रम नेपालको संविधान २०७२ को भाग ४ धारा ४९, ५० र ५१ अनुसार राज्यले तय गरेको निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई पूरा गर्ने एक तहको रुपमा स्थानीय तह रहेको यथार्थलाई स्वीकार गर्दै निर्माण गरिएकोछ । स्थानीय तहको निर्वाचनका बेला नीलकण्ठ नगरलाई देशकै नमुना स्मार्ट शहरको रुपमा स्थापित गर्ने परिकल्पनालाई साकार पार्न आवश्यक पूर्वाधार निर्माण र सेवा क्षेत्रमा सुधारलाई मुख्य प्राथमिकतामा राखि नीति तथा कार्यक्रम निर्माण गरेको छु । चुनावी घोषणापत्रमा समावेश गरिएका सबै विषय पहिलो बर्षकै कार्यक्रममा समेट्न नसकिए पनि परिकल्पना अनुरुप नीति निर्माण गरि पुर्वाधार र वातावरण तयार गर्दै जाने गरि नीति तथा कार्यक्रम निर्माणलाई जोड दिएको छु । आगामी आर्थिक बर्षको पहिलो चौमासिक अवधि भित्रै नीलकण्ठ नगरपालिकाको समग्र विकास पुर्वाधार निर्माण र प्राथमिकताक्रम निर्धारण गर्न बृहत

नगर तथ्यांक संकलन एवं प्रोफाइल निर्माण गर्ने काम लाई अघि बढाउनेछु । नगरको बस्तुगत तथ्यका आधारमा ५ बर्षे एकीकृत योजना तर्जुमा गरि आगामी बर्ष देखि सोहि रणनीतिका आधारमा बार्षिक नीति तथा कार्यक्रम तय गर्ने लक्ष राखेको छु । नीलकण्ठ नगरपालिकाको १४ वडामा विकासका पुर्वाधार निर्माण गरि चुस्त स्थानीय सरकार सञ्चालन गर्न विभिन्न विषयगत प्राथमिकता निर्धारण गरिएकोछ । अब म निर्धारित विषयगत प्राथमिकताका आधारमा तयार गरिएका नीति तथा कार्यक्रमलाई तपाइँहरु समक्ष प्रस्तुत गर्दैछु ।

३. नीलकण्ठ नगरपालिकालाई नमुना स्मार्ट सहरको रुपमा विकसित गर्ने परिकल्पनालाई कार्यान्वयन गर्न दीर्घकालीन सोचका साथ योजनाबद्ध क्रियाकलापका लागि नीलकण्ठ स्मार्ट सहर विकास प्राधिकरण ऐन जारी गरी प्राधिकरण गठन गरिनेछ । नगरपालिका क्षेत्रभित्र हुने निर्माण कार्यक्रमलाई स्मार्ट शहरको पुर्वाधारको रुपमा विकास गर्दै लगिनेछ । नगरको समग्र विकास व्यवस्थापनका लागि एकीकृत नगर विकास योजना निर्माण गरी सोहीअनुसार विकास निर्माणका क्रियाकलाप अघि बढाइनेछ । सूचना तथा संचार प्रविधिको प्रयोग गरी नागरिक सेवा र सुशासन अभिबृद्धि गर्न खुल्ला स्थानीय सरकार कार्यक्रम सञ्चालन गरिनेछ ।

४. व्यवस्थित सडक सञ्जाललाई विकासको मुख्य आधारशिला मान्दै नीलकण्ठ नगरपालिकाका हरेक वडा कार्यालयसम्म बाह्रै महिना चल्ने व्यवस्थित सडक र चक्रपथ निर्माणलाई तत्काल शुरुवात गरि क्रमिक रुपमा कालोपत्रे गर्दै पक्की सडक निर्माण गरिनेछ । साथै नगरपालिकाका सबै बस्तीहरुसम्म पुग्ने सडकलाई स्तरोन्नति र आवश्यकताअनुसार नयाँ ट्रयाक निर्माण गरिनेछ ।

५. नगरबासीहरुमा व्यापक स्वरोजगारीको सृजना गर्न एक वडा एक उत्पादनको नीतिसहित विशेष कार्यक्रम सञ्चालन गरिनेछ । व्यवसायिक कृषि, उत्पादन, उद्योग र सेवा क्षेत्रमा वडाको विस्तृत सम्भाव्यता अध्ययन पश्चात् तथ्यगत प्रतिवेदनका आधारमा प्रभावकारी कार्यक्रमका साथ हरेक वडाको बेग्ला बेग्लै पहिचान स्थापित हुने राख्दै एक वडा एक उत्पादन कार्यक्रमलाई अघि बढाइनेछ । साथै नगरबासीहरुलाई आफ्नै नगरभित्र उत्पादित वस्तु र सेवाको उपभोगका लागि अभिप्रेरित गरिनेछ ।

६. जीवनका लागि स्वच्छ खानेपानीको आधारभुत आवश्यकतालाई उच्च प्रतथमिकता दिई नीलकण्ठ नगरपालिकालाई तिर्खामुक्त नगरको रुपमा स्थापित गर्न खानेपानीको मूल पहिचान गरी अभिलेखीकरणका साथ योजना निर्माण गरिनेछ । प्राकृतिक सम्पत्ति र श्रोतको रुपमा रहेको खानेपानीमाथि सबैको अधिकार स्थापित गर्न मूलमा हुने कुनै पनि विवाद र किचलोलाई शून्य सहनशीलताको नीतिअनुरुप समाधान गरिनेछ ।

७. नगरवासीको आधारभुत र गहन स्वास्थ उपचारका लागि नगर केन्द्रमा रहेको जिल्ला अस्पताललाई चिकित्सक सेवा र उपकरणमा सवल बनाउन सहयोग गरी हरेक वडा केन्द्रमा नगर स्वास्थ क्लिनिक स्थापनाको नीति लिइनेछ । स्वास्थ क्षेत्रसँग जोडिएका समग्र पक्षलाई समेट्दै एकीकृत स्वास्थ विकास कार्यक्रममार्फत योजनाबद्ध क्रियाकलाप अघि बढाइनेछ । साथै

यसै आर्थिक बर्षदेखि जर्मन अन्तराष्ट्रिय नियोग जिआइजेडसंगको सहकार्यमा स्वास्थ क्षेत्र सुधार विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

८. शिक्षामा सवैको अधिकार र सरोकार स्थापित गर्न नगर क्षेत्रका विद्यालय र क्याम्पसहरुलाई आवश्यक सहयोग र सवलीकरण गरिनेछ । शिक्षकहरुको क्षमता बृद्धि र विद्यालयको भौतिक तथा शैक्षिक सेवा बृद्धि गर्न आवश्यक सहयोग गरि गुणस्तरीय शिक्षाका लागि अत्यावश्यक योजना सञ्चालन गरिनेछ । नगर क्षेत्रमा प्राविधिक उच्च शिक्षा प्रदान गर्न र दक्ष प्राविधिक जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षालय स्थापना गर्न यसै बर्षदेखि आवश्यक पहल कदमी गरिनेछ ।

९. निर्वाहमुखी कृषिलाई व्यवसायिक कृषिमा रुपान्तरित गरी  कृषिलाई उत्पादनको विशेष श्रोतको रुपमा विकास गर्न किसान सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । व्यवसायिक पशुपालनलाई प्रोत्साहन दिँदै  पशु तथा बालीबीमा कार्यक्रमलाई कृषकहरुका बिच प्रभावकारी बनाउने योजना सञ्चालन गरिनेछ । विपन्न, दलित, आदिवासी सीमान्तकृतलगायत लक्षित वर्गका किसानलाई विशेष सहयोग नीति अवलम्बन गरिनेछ ।

१०. नगरक्षेत्रमा उद्योग व्यवसायको प्रबर्द्धन गर्न उद्यममैत्री कार्यक्रम सञ्चालन गरिनेछ । नगरक्षेत्र भित्र औद्योगिक क्षेत्र निर्माण गर्न सम्भाव्य स्थलको खोजी गरी आवश्यक पूर्वाधार विकासको प्रारम्भ गरिनेछ । ठूला लगानीकर्ताहरुलाई आकर्षित गर्न आवश्यक वातावरण दिनुका साथै साना तथा घरेलु  एवं लघु उद्योगलाई सहयोग र प्रवर्द्धन गरिनेछ । नगरको ग्रामीण क्षेत्रमा उद्योग व्यवसायलाई प्रबर्द्धन गर्न नगरको करको दरमा ८० प्रतिशतसम्म छुटको व्यवस्था गरिएकोछ ।

११. नगरक्षेत्रमा हुने ठूला र गौरवका उद्योग तथा उत्पादन क्षेत्रमा लगानी गर्न नगर लगानी कोष स्थापना गरिनेछ । नगरपालिकाको पहल र नेतृत्वमा निजी  क्षेत्रको साझेदारी हुने गरी स्थापना गरिने नगर लगानी कोषको सञ्चालनका लागि छुट्टै कानून निर्माण गरी लगानीको सुरक्षण र प्रवर्द्धन गरिनेछ ।

१२. नगरबासीको आवश्यकता अनुसारको आयोजनासंगै हरेक बर्ष कम्तीमा एउटा बार्षिक तथा बहूबर्षीय क्रमागत नमुना आयोजना सञ्चालन गरिनेछ । नमुना आयोजना अन्तर्गत यसै बर्ष धादिङवेशी घुम्न आउने आन्तरिक पर्यटक र नगरबासीलाई समेत आकर्षित गर्न बजार क्षेत्र नजिक कम्तिमा ४ वटा स्थानमा निशुल्क वाइफाई सुविधा सहितको नमुना पार्क निर्माण गरिनेछ ।

१३. नगरको मुख्य केन्द्रको रुपमा रहेको धादिङवेसी बजारलाई सफा, व्यवस्थित र हरियाली सहरको रुपमा विकास गर्न आवश्यक कार्यक्रम यसै बर्षदेखि सुरु गरिनेछ । एक घर एक रुख कार्यक्रम राखी   हरियाली बढाउनुका साथै बजारक्षेत्रको सरसफाई,  र सडकपेटी व्यवस्थापनका लागि सवै बजारबासी र टोलसुधार समितिसँग सहकार्यसाथ  कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. नगरको बजार तथा ग्रामिण क्षेत्रको सार्वजनिक जग्गाको खोजी तथा अतिक्रमण न्यूनीकरणका लागि नापी, मालपोत लगायतका निकाय र नगरबासी सरोकारवालाहरुसँग सहकार्यको माध्यमबाट अतिक्रमित र सार्वजनिक जग्गा छुट्याइनेछ । मोटरबाटो र भित्री गल्लीको मापदण्ड तयार गरि सवै सडक र गल्लीको लगतकट्टा गर्न पहलकदमी गरिनेछ । बजारक्षेत्रमा रहेका सँगै सडकहरुलाई व्यवस्थित गर्दै यसै बर्षदेखि थोपलखोला र अरुण खोलाको दुवैतर्फ किनारमा करिडोर नमुना मार्ग निर्माणको काम थालिनेछ ।

१५. भुकम्प पीडित नगरबासीको घरनिर्माण कार्य छिटो सम्पन्न गरी सरकारबाट घोषित गरेको अनुदान दिलाउन विशेष पहल गरिनेछ । जसका लागि आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने र पुननिर्माण प्राधिकरणसँग समन्वय गरी समस्या समाधानका लागि सहजीकरण गरिनेछ । भुकम्पले घर भत्किएर पनि अनुदानग्राही सूचीमा नपरेका पीडितहरुलाई तत्काल पुनः सर्वेक्षण गरी आवश्यक सहयोग गर्न पुननिर्माण प्राधिकरणसँग सहकार्यसाथ आवश्यक कार्यक्रम अघि बढाइनेछ ।

१६. नगरपालिका क्षेत्रमा रहेको जग्गाको बढ्दो खण्डीकरण रोक्न यसै आर्थिक वर्षको सुरुदेखि नै जग्गा एकीकरण कार्यक्रमलाई प्राथमिकता दिइनेछ । नगरपालिकाको बजार क्षेत्रमा कम्तिमा ४ आना र ग्रामीण क्षेत्रमा कम्तिमा ५ आना भन्दा कम जग्गाको कित्ताकाटमा रोक लगाइनेछ । उत्पादनशील जग्गामा हुने घडेरी प्लटिङ तथा विक्रीलाई निरुत्साहित गर्दै नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्रै घडेरी विकास व्यवसाय सञ्चालन गर्नु पर्ने नियमलाई अनिवार्य गरिनेछ । कुनै पनि बस्ती टोलमा शाखाबाटो वा नयाँ बाटो खोल्दा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र खोल्नु पर्ने व्यवस्था गरिनेछ । बजार वा ग्रामीण क्षेत्रमा नमुना सामूहिक आवास कार्यक्रमलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिनेछ ।

१७. नगरपालिका क्षेत्रमा नयाँ घर निर्माण गर्दा नक्सापाससहित भवन निर्माण संहिता मापदण्ड २०७२ लाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरित गरिनेछ । नगरपालिका घोषणा हुनु अघि बनेका घरहरुलाई समेत नगरपालिकाले निर्धारण गरेको मापदण्डमा नक्सापास र नियमित गर्न आगामी आर्थिक बर्षको सुरुको तीन महिनाको समय दिइनेछ । त्यस पछि आउने घरधनीहरुलाई नयाँ घर निर्माणमा लाग्ने सरह शुल्क लिएर मात्र नियमित गरिनेछ । साथै अब उप्रान्त नगरपालिकाभित्र बन्ने घरमा कम्तीमा १ रुख र १ सेफ्टी ट्यांकी अनिवार्य गरिनेछ ।

१८. नगरको समग्र विकासका लागि सहकारी संस्था र सामाजिक संघ संस्थाहरु संगको सहकार्यलाई जोड दिइनेछ । स्थानीय संघ संस्था र क्लवहरुमार्फत सामुदायिक विकासका कार्यक्रमहरुमा सहकार्य गरिनेछ भने अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाका कार्यक्रमहरुमा समेत प्रभावकारिता हेरी नगर बजेटबाट साझेदारी गरिनेछ । नगरक्षेत्रका सहकारीहरुको क्षमता विकास र पूर्वाधारका लागि सहयोग गर्दै सहकारीहरुले सञ्चालन गर्ने स्वरोजगारमूलक कार्यक्रममा नगरपालिकाले आवश्यक सहकार्य र लगानी गर्ने नीति लिनेछ ।

१९. अन्तराष्ट्रिय गैरसरकारी संस्था, नियोग तथा स्वदेशी लगानी कर्ताले नगर क्षेत्रमा विशेष लगानी तथा विकास आयोजना सञ्चालन गर्न चाहेमा हार्दिक स्वागत गर्दै लगानीमैत्री वातावरण सृजना गरिनेछ । साथै नागरिक सेवा र राजश्व अभिवृद्धि हुने आयोजनाहरुमा नगरपालिकाले आवश्यक ऋण लिई लगानी गर्न सक्नेछ ।

२०. नगरको पूर्वाधार विकास, स्वरोजगारमूलक कार्यक्रम, व्यवसाय प्रवर्द्धन, सूचना प्रविधि, सरसफाई, चेतनामूलक तथा शैक्षिक कार्यक्रम र विकास निर्माण सम्बन्धी कुनै पनि कार्यक्रममा विभिन्न संघ संस्था, निकाय वा समुदायले लागत साझेदारीमा काम गर्न चाहेमा नगरपालिकाले आवश्यक बजेट बिनियोजन गर्नेछ ।

२१. नीलकण्ठ नगरपालिकाका हरेक योजना तथा कार्यक्रमहरुमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिइनेछ । नगर क्षेत्रका सामुदायिक, कबुलियती तथा सरकारी वनको संरक्षण, जडिबुटी विकास कार्यक्रम तथा भूसंरक्षण कार्यक्रम आवश्यकता अनुसार सञ्चालन गरिनेछ । प्लाष्टिकजन्य सामाग्रीलाई निरुत्साहित गर्दै वैकल्पिक घरेलुजन्य उत्पादनलाई प्राथमिकता दिइनेछ ।

२२. संविधानले लक्षित बर्गको रुपमा सम्बोधन गरेका महिला, बालबालिका, जेष्ठ नागरिक, द्वन्द्वपीडित, फरक क्षमता भएका नगरवासी, आदिवासी, जनजाति, दलित तथा सीमान्तकृत समुदायको अधिकार, सेवा सुविधा, क्षमता विकास र समान अवसरका लागि विशेष प्राथमिकताका साथ योजना तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ । सम्पूर्ण सार्वजनिक तथा सरकारी सेवा प्रदायक निकायहरुलाई लैंङ्गिक भेदभावमुक्त स्थलका रुपमा घोषणा गरिनेछ ।

२३. स्वस्थ, अनुशासन र राष्ट्रिय गरिमाका लागि खेलकुद र खेलाडीको प्रबर्द्धन गर्न कम्तिमा एक वडा एक खेलकुद मैदानको नीति अवलम्बन गरिनेछ । नगर तथा वडा तहमा विविध विधाका खेलकुद कार्यक्रम सञ्चालन गरी खेलाडीको पहिचान र क्षमता विकासको अवसर प्रदान गरिनेछ । धादिङवेसीको खुल्लामञ्च क्षेत्रलाई नमुना हरित खेल मैदानको अवधारणामा विकास गरी बहूआयामिक खेल तथा सभास्थलको रुपमा विकास गरिनेछ ।

२४. नगरको सफाई र आकर्षणः फोहोर मैलाको उचित विसर्जन र व्यवस्थापन भन्ने मान्यतालाई स्थापित गर्न नगर सरसफाई कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ । व्यवस्थित डम्पिङ साइट, कुचिकार र सफाई उपकरण तथा फोहोरमैला प्रशोधन प्रविधिमार्फत् नियमित र प्रभावकारी रुपमा नगर सरसफाई कार्यक्रमलाई अघि बढाइनेछ ।

२५. नीलकण्ठ नगरपालिकाको समग्र विकासका लागि पर्यटनलाई महत्वपूर्ण आधारशिलाको रुपमा प्रवर्धन गर्न नगरक्षेत्रभित्र रहेका वि पि गाउँ, चमेरे गुफा लगायतका पर्यटन गन्तब्य स्थलको पूर्वाधार विकास गरी आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. नगरक्षेत्र भित्रका सवै जातजाति, धर्म सम्प्रदाय, भाषा र मौलिक संस्कृतिको जगेर्ना गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ । विभिन्न जात्रा, महोत्सव र पर्वहरुमा जातजाति विशेष

सांस्कृतिक प्रबर्द्धनका लागि आवश्यक सहयोग गरिनेछ । कला, साहित्य र संस्कृतिलाई संरक्षण तथा प्रबर्द्धन गर्न आवश्यक तालिम, प्रतियोगिता, शोध तथा कार्यशाला जस्ता कार्यक्रम गरिनेछ । त्यसै गरी पठन संस्कृतिको विकास गर्न पुस्तकालय वाचनालयलाई सुव्यवस्थित गर्दै परम्परागत पुस्तकालय र आधुनिक पुस्तकालयको सम्स्थागत विकास चरणबध्द रुपमा गर्ने ।

२७. नगरको आन्तरिक आय अभिबृद्धि गर्न करको दायरालाई बढाउँदै सहभागितामूलक करनीति अवलम्बन गरिनेछ । स्थानीय सरकार सञ्चालनको मूल आधार स्थानीय आय भएकाले नगरबासी, उद्योग वाणिज्य संघ, टोलसुधार समितिहरु र स्थानीय विद्यालय तथा क्याम्पसहरुसँग सहकार्य गरी कर सचेतना तथा अभिबृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाइनेछ । नगरपालिकाको ग्रामीण भेगमा उद्योग व्यवसाय सञ्चालनलाई प्रोत्साहित गर्न मौजुदा करमा ८० प्रतिशतसम्म छुट दिने निति लिइनेछ ।

२८. नगरपालिकाको प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउँदै लगिनेछ । क्षमता विकासका लागि कर्मचारी तथा जनप्रतिनिधिहरुलाई आवश्यक तालिम तथा भ्रमणको ब्यवस्था गरिनेछ । नगरपालिकामा कार्यरत मौजुदा कर्मचारी र केन्द्र तथा विषयगत कार्यालयबाट समायोजन भै आउने कर्मचारीहरुलाई उच्च मनोबलका साथ काम गर्न उत्प्रेरित गरिनेछ । भ्रष्टाचार र अनियमितताप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी संविधान प्रदत्त सूचनाको हक सम्बन्धी कानूनको पूर्ण सम्मान र पालना गर्दै सार्वजनिक पहूँच र खुल्ला सरकारको अवधारणामा प्रशासन सञ्चालन गरिनेछ ।

२९. नगरपालिकाको लगानीमा हुने पुर्वाधार निर्माण कार्यलाई गुणस्तरीय बनाउन तेश्रो पक्षको स्वतन्त्र मुल्यांकनकर्ता नियुक्त गरिनेछ । तेश्रो पक्षले गरेको मुल्यांकनको आधारमा मात्र निर्माणकर्ता, उपभोक्ता समिति वा ठेकेदारलाई रकम भुक्तानी गरिनेछ ।

३०. नगरपालिका भित्र संचालित रेडियो टेलिभिजन, पत्रपत्रिका तथा अनलाईनको अभिबृद्धिका लागि सञ्चार संचार क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिनेछ । नगर प्रशासन र नगरबासीहरुमा सूचना, समाचार, कार्यक्रम, लेख रचना सामग्रीमार्फत प्रकाशन प्रसारण गर्न नगरबाट सञ्चालित पत्रपत्रिका र अनलाईनलाई सहयोग गरिनेछ । नगर क्षेत्रका पत्रकारहरुको क्षमता बृद्धिका लागि तालिम तथा वृत्तिविकासका कार्यक्रम सञ्चालनमा सहयोग गरिनेछ ।

३१. नगरस्तरीय विपत् व्यवस्थापनका लागि एक विपत ब्यवस्थापन कोषको स्थापना गरिनेछ । कोषको रकम बृद्धि गरि प्रभावकारी काम गर्न विपत् क्षेत्रमा काम गर्ने गैह्रसरकारी संघ संस्थाहरुसंग सहकार्य गरिनेछ ।

३२. नगरको विकासमा साझेदारी बढाउँदै समावेशीकरणलाई बढाउन नगर कार्यकापिका सदस्यहरुले नेतृत्व गर्ने विषयगत समितिका अलावा युवा, महिला, आदिवासी जनजाति, दलितवर्ग, किसान, शिक्षा, सहकारी खेलकुद जस्ता विषयलाई समेट्न नगरस्तरीय विषयगत समिति निर्माण गरि समन्वयात्मक क्रियाकलाप अघि बढाइनेछ ।

३३. विचारमा विविधता विकासमा एकताको सूत्रलाई आत्मसात गर्दै नगरविकासका लागि विभिन्न राजनीतिक दल तथा नागरिक समाजले अघिसारेका राम्रा योजनाहरुलाई अनुसरण गर्दै नगरविकास कार्यक्रममा समावेश गरिनेछ । विकासका लागि राजनीतिकर्मीको क्षमता विकास र अवलोकन भ्रमण जस्ता कार्यक्रम आयोजनामार्फत सहकार्य र भाइचाराको सम्बन्ध अभिबृद्धि गरिनेछ ।

**नगर सभाका सदस्य ज्यु हरु,**

३४. नगरबासीको चाहना र आवश्यकताको सम्बोधनलाई उच्च प्राथमिकता दिई निर्माण गरिएको नीति तथा कार्यक्रम अनुरुपमा बजेट निर्माण र प्रभावकारी कार्यान्वयमार्फत विकासका लक्ष हासिल हुनेमा पूर्ण विश्वस्त हुँदै सबैको साथ सहयोगको अपेक्षा राखेको छु ।

**धन्यवाद । जय नेपाल**